नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

# प्रेस विज्ञप्ति

आज मिति २०७८ भाद्र १३ गते नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवहरु, प्रदेशका प्रमुख सचिवहरु तथा अन्य विशिष्ट श्रेणीका पदाधिकारीहरुको उपस्थितिमा सचिव बैठक सम्पन्न भयो । बैठकमा विगत बैठकमा भएका निर्णयहरुको कार्यान्वयन स्थितिको समीक्षा भयो । यस क्रममा सरकारी तथ्याङ्क तथा डाटावेसको सुरक्षा, विधुतीय माध्यमबाट प्रवाह हुने सरकारी सेवाका लागि प्रयोग हुने सफ्टवेयरहरुमा एकरुपता, प्राप्त गुनासोहरुको समयमै सम्बोधन, नेपालको संविधानको धारा ५३ अनुसारको वार्षिक प्रगति प्रतिवेदन तयारीको अवस्था तथा नेपाल सरकारका निर्णयहरुको प्रभावकारी कार्यान्वयन लगायतका विषयमा व्यापक छलफल भयो।

बैठकमा श्रीमान् मुख्य सचिवज्यूले सबै सचिवहरुलाई नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्न, सबै मन्त्रालय तथा निकायहरुले प्रक्रिया सरलीकरण गरी सेवा प्रवाहमा चुस्तता ल्याउन, विभिन्न सुधारका कार्यहरुलाई समन्वयात्मक रुपमा अघि बढाउन तथा वेरुजु फर्छ्यौटमा विशेष पहल गर्न सबै सचिवहरुलाई निर्देशन दिनु भयो ।

त्यसैगरी श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवहरु, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका अध्यक्ष तथा पूर्व कर्मचारी परिषद्का प्रतिनिधि सम्मिलित निजामती सेवा दिवस राष्ट्रिय मूल समारोह समिति, २०७८ को बैठक समेत सम्पन्न भयो। यस बैठकले निजामती सेवा दिवस, २०७८ को नारा तय गर्नुका साथै निजामती सेवा दिवस, २०७८ लाई विविध कार्यक्रम गरी भव्य रूपमा मनाउन मुलुकभर राष्ट्रसेवक वृक्षारोपण कार्यक्रमको आयोजना गर्ने एवम् अन्य विभिन्न रचनात्मक कार्यक्रमहरु गर्ने निर्णय भएको छ।

२०७८ भाद्र १३

कृष्ण बहादुर राउत
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np